# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके २०७३

पत्र सं. : २०८१/०८२

चलानी च. नं. :

रामपुर, बाँके

लुम्बिनी प्रदेश

मितिः२०८१/१०/२९

नेपाल सम्बत ११४५

बिषयः सूचना । सूचना । । सूचना । । ।

प्रस्तुत सन्दर्भमा बैजनाथ गाउँ पालिका कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अनुसार किसानसँग पालिका प्रमुख कार्यक्रमको लागि ७० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण(पावर टिलर २२ हर्ष पावर, मिनीटिलर ९ हर्ष पावर, कम्बाइन्ड हार्भेस्टर,धान रोप्ने मेशिन,पोटाटो कल्टीभेटर) वितरण गर्नु पर्ने भएकोले बैजनाथ गाउँ पालिका भित्र संचालित कृषि फर्म,कृषक समुह, कृषि सहकारी तथा कम्तिमा १५ कट्ठा क्षेत्रफलमा व्यवसायिक खेति पाती गर्ने कृषकहरुले सम्बन्धित वडा कार्यालयको सिफारिश सहित १५ दिन भित्र कृषि विकास शाखा रामपुर बाँकेमा माग निबेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त भएका निवेदनहरु कार्यक्रममा समाबेश नगरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

निवेदनका साथमा संलग्न हुनु पर्ने कागजातहरुः

१.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२.जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा लिजमा लिएको भए सम्झौता पत्र

३.कृषि फर्म/कृषक समुहको हकमा गत आ.व.को कर चुक्ताको प्रतिलिपि

४.सुचिकृत/दर्ता प्रमाण पत्रको प्रतिलिपि (नबिकरण भएको हुनु पर्ने )

५.सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

६. अनुसूची १ अनुसारको निबेदन

२०८१।१०।२९

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

इमेलः baijanathrumun@gmail.com/ info@baijanathmun.gov.np, वेबसाईटः www.baijanathmun.gov.np

"आर्थिक, सामाजिक, पूर्वाधार, संस्थागत र सुशासनको विकास समृद्ध बैजनाथको आधार"

बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

पत्र सं. : २०८१/०८२ रामपुर, बाँके

चलानी च. नं. : लुम्बिनी प्रदेश

निवेदनको ढांचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

.......................वैजनाथ गाउंपालिका,रामपुर,बांके ।

**विषय: कृषकसंग पालिका प्रमुख कार्यक्रममा सहभागिताको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।**

प्रस्तुत सन्दर्भमा तहां कार्यालयबाट मिति............मा प्रकासित भएको सूचना अनुसार ...............कार्यक्रममा सहभागि हुन इच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधिनमा रहि कार्यक्रम संचालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजातहरू:

| प्रस्तावकको निवेदन | छ | छैन |
|---|---|---|
| दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि | | |
| स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | | |
| कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको सिफारिस पत्र | | |
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |
| नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि | | |
| अनुमाणित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा (करार पत्र) | | |

माथि उल्लेखित विरण तथा कागजातहरू सहि सत्य छन् । विगत तिन वर्षदेखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान बाहेक यसै प्रकृतिको कामका लागि अनुदान लिएको छैन ।

निवेदक नाम :

दस्तखत :

ठेगाना : सम्पर्क नं.

संस्थाको छाप